## शे-फोक्सुण्डो गाउँपालिकाको

# आर्थिक ऐन, २०८१

### संवत् २०८१ सालको ऐन नं. १

गाउँ सभाबाट स्वीकृत मितिः २०८१/०३/०४


शे फोक्सुण्डो गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सालदाङ, डोल्पा

कर्णाली प्रदेश, नेपाल

# शे-फोक्सुण्डो गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन,

**<u>प्रस्तावनाः</u>**

शे-फोक्सुण्डो गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निम्ति स्थानिय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक तथा कानूनी व्यवस्था गर्न वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम शे-फोक्सुण्डो गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "शे-फोक्सुण्डो गाउँपालिकाको आर्थिक ऐन, २०८१" रहेको छ ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पति कर घर र घर भएको कित्तामा लगाइने र असुल उपर गरिनेछ ।

३. **भुमिकर (मालपोत)** : गाउँपालिका क्षेत्रभित्र (२) बमोजिम भुमि कर (मालपोत) घर र घर भएको कित्ता बाहेक अरु जग्गामा लगाईने र असुल उपर गरिनेछ ।

४. **घर बहाल कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जागा वा पोखरी पुरै आशिंक तावरले

५. **घर जग्गा कर** : गाउँपालिका क्षेत्र भित्र निर्माण भएका तथा नयाँ निर्माण हुने घरको वार्षिक कर तथा अभिलेखिकरण दस्तुर र नक्सा पास वुक दस्तुर अनुसुचि (४) बमोजिम लगाईनेर असुल उपर गरिनेछ ।

६. **व्यवसाय कर** : गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यापार, व्यवसाय वा सेवामा पुँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसुची (५) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ । यसै गरी अनुसुची (५.१) बमोजिम पटके व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ ।

७. **जडिबुँटी, कवाडी र जीवजन्तु कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुँटी, वनकस, कवाडीमाल र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला, जस्ता वस्तुको व्यवसायिककारोवार गरेवापत अनुसुची (६) बमोजिम कर लगाईने छ ।

८. **सवारी साधन कर** : गाउँपालिका क्षेत्रभित्र दर्ता गरिएका सवारी साधानमा अनुसुची (७) बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ । यसैगरी अनुसुची (७.१) बमोजिम पटके सवारी कर लगाईने छ ।

९. **विज्ञापन कर** : गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसुची (८) बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०.**पार्किङ शुल्क** : गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसुची (९) बमोजिम पार्किङ शुल्क लगाईने र असुल उपर गरिने छ ।

११.**सेवा शुल्क, दस्तुर, महशुल, अन्य शुल्क** : गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेको अनुसुची (१०) मा उल्लेखितस्थानिय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोहि अनुसुचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१२.**प्राकृतिक स्रोत साधन उपभोग तथा विक्री कर** : गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेका नदीजन्य पदार्थ (ढुङगा, गिट्टी, बालुवा, परुवा आदी), व्यक्तिगत तथा सरकारी प्रति जग्गा माटो, वन पैदावर, सर्वाजानिक पोखरी बगैचा उत्पादन, दहत्तर वहत्तर आदी, अनुसुची (११) मा उल्लेखित दरमा विक्री कर लगाईने र असुल उपर गरिने छ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१३.**हाटबजार तथा मनोरञ्जन कर** : गाउँपालिकाले आफ्नो क्षेत्र भित्र संचालन हुने हाटवजार, पर्व मेला, उत्सव आदीमा अनुसुची (१२) मा उल्लेखित दरमा हाटबजार तथा मानोरञ्जन कर असुल उपर गरिनेछ ।

१४.**सूची दर्ता शुल्कः** यस गाउँपालिकाबाट खरिद हुने कार्यालय सामग्रीहरू (स्टेशनरी, मेशीनरी औजार, कम्प्यूटर, इन्धन, खाद्यन्न तथा अन्य विविध सामानहरू, परामर्श सेवाहरू, निर्माण कार्यहरू, छपाइ, प्रकाशन तथा प्रशारणका कार्यहरूमा सहभागी हुन इच्छुक आपूर्तिकर्ता, परामर्शदाता र निर्माण व्यवसायीहरू/ अन्य संस्था/एजेन्सी/फर्म/कम्पनीहरू/रेडियो/पत्रिका लगायत सम्पूर्णलाई कार्यालयको मौजुदा सूचीमा सूचीकृत हुन अनुसूची (१३) मा उल्लेखित भए बमोजिमको दरले शूल्क असुली गरिनेछ।

१५.**दण्ड सजाय** : यस ऐनमा तोकिएबमोजिमको कर/शूल्क नबुझाएमा गाउँपालिकाले कानूनबमोजिम दण्ड सजाय गर्न सक्नेछ ।

१६.**कर छुट** : यस ऐन बमोजिम कर तिनै दायित्त्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनैपनि किसिमको कर छुट दिईने छैन ।

१७. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसुची १

### ऐनको दफा (२) संग सम्बन्धित

### शे-फोक्सुण्डो गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सम्पतिकरको दर घर र घर रहेको कित्ता नं. मात्र

| घर र घरले चर्चेको जग्गा समेतको सम्पति करको प्रस्तावित दर रेट | | |
|---|---|---|
| क्र.सं. | सम्पति मुल्याङकन | लाग्ने कर |
| १ | १.०० देखि १,००,०००.०० सम्म | ५००.०० |
| २ | १०,००,००१.०० देखि २०,००,०००.०० सम्म | १०००.०० |
| ३ | २०,००,००१.०० देखि ४०,००,०००.०० सम्म | १५००.०० |
| ४ | ४०,००,००१.०० देखि ६०,००,०००.०० सम्म | २०००.०० |
| ५ | ६०,००,००१.०० देखि १,००,००,०००.०० सम्म | ३०००.०० |
| ६ | १,००,००,०००.०१ देखि माथि | |

## अनुसुची २

### ऐनको दफा (३) संग सम्बन्धित

### शे-फोक्सुण्डो गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने भूमिकर (मालपोत) दर

| क्र.सं. | मालपोत वा भुमि कर | दर |
|---|---|---|
| १ | प्रति रोपनी | ५० |
| मालपोत जरिवाना १ आ.व.को २०%, दोस्रो र तेस्रो आ.व.को २५%, चौथो र पाँचौ आ.व.को ३०%, छैटै र सातौ आ.व.को ३५%, नवौ र दशौ आ.व.को ५०% तथा दशौ भन्दा माथिको ८० प्रतिशत । | | |

## अनुसुची ३

### ऐनको दफा (४) संग सम्बन्धित

### शे-फोक्सुण्डो गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने घर वहाल कर

| क्र.सं. | घर वहाल कर | दर |
|---|---|---|
| १ | संघ संस्था गोदाम भाडा | १० प्रतिशत |
| २ | अन्य प्रयोजनको लागि | १० प्रतिशत |

## अनुसुची ४

### ऐनको दफा (५) संग सम्बन्धित

### शे-फोक्सुण्डो गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने घर जग्गा कर

| क्र.सं. | घर जग्गा कर | दर |
|---|---|---|
| १ | बनिसकेको घरको अभिलेखकरण प्रतिघर | ५००/१००० |
| २ | घर नक्सापास बुक दस्तुर क र ख को लागि | ६०० |
| ३ | घर नक्सापास बुक, दस्तुर ग र घ को लागि | ५०० |

अनुसुची ५

ऐनको दफा (६) संग सम्बन्धित

शे-फोक्सुण्डो गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने घर जग्गा कर

| क्र.सं. | व्यवसायको विवरण | दर्ता | नवीकरण |
|---|---|---|---|
| | स्तर | सबै वर्ग | सबै वर्ग |
| १ | होटल लज एवं साधरण होटल | २५०० | १००० |
| २ | रेस्टुरेन्ट (मःम, तास, सेकुवा आदी) | २५०० | १००० |
| ३ | मिठाई पसल | २५०० | १००० |
| ४ | कपडा पसल (थोक एवं खुद्रा) | २५०० | १००० |
| ५ | फेन्सी पसल | २५०० | १००० |
| ६ | विविध शृघार पसल (थोक एवं खुद्रा) | २५०० | १००० |
| ७ | उने धागो पसल | २५०० | १००० |
| ८ | जुत्ता, चप्पल पसल | २५०० | १००० |
| ९ | निर्माण सामाग्री | २५०० | १००० |
| १० | खाधान्न, किराना (थोक एवं खुद्रा) | २५०० | १००० |
| ११ | भाडा र गिफ्ट पसल (थोक एवं खुद्रा) | २५०० | १००० |
| १२ | पुस्तक तथा पत्रिका पसल | २५०० | १००० |
| १३ | छापाखाना | २५०० | १००० |
| १४ | आर्ट | २५०० | १००० |
| १५ | फोटो स्टुडियो | २५०० | १००० |
| १६ | केवुल नेटवर्क | २५०० | १००० |
| १७ | टि.भी., घडी, रडियो विक्री तथा मर्मत | २५०० | १००० |
| १८ | पखा तथा स्टोभ मर्मत | २५०० | १००० |
| १९ | साईकल विक्री तथा मर्मत | २५०० | १००० |
| २० | मोटर साईकल, मोटर पार्ट्स वर्कसप | २५०० | १००० |
| २१ | ड्राईभिङ इन्स्टिच्युट | २५०० | १००० |
| २२ | टायर मर्मत | २५०० | १००० |
| २३ | ग्रिल उधोग | २५०० | १००० |
| २४ | कवाडी सामानको थोक विक्रेता | २५०० | १००० |
| २५ | टेन्ट हाउस | २५०० | १००० |
| २६ | लाउण्डी पसल | २५०० | १००० |
| २७ | मादल पसल | २५०० | १००० |
| २८ | गोवर् ग्यास | २५०० | १००० |
| २९ | पाउरोटी भण्डार | २५०० | १००० |
| ३० | चलचित्र मन्दिर | २५०० | १००० |
| ३१ | वित्तिय संस्था, सहकारी संस्था | २५०० | १००० |
| ३२ | कलर ल्याव | २५०० | १००० |
| ३३ | निजि असप्ताल, औषधी पसल | २५०० | १००० |

| | | | |
|---|---|---|---|
| ३४ | पशु औषधी पसल | २५०० | १००० |
| ३५ | विज भण्डार | २५०० | १००० |
| ३६ | रगँरोगन तथा इलेकटी थोक विक्रेता | २५०० | १००० |
| ३७ | फर्निचर उद्योग | ५००० | २५०० |
| ३८ | फर्निचर पसल | २५०० | १००० |
| ३९ | मिल | २५०० | १००० |
| ४० | सुनचांदी पसल | २५०० | १००० |
| ४१ | आईस्क्रिम उद्योग | २५०० | १००० |
| ४२ | कपडा सिलाई प्रति मेसिन ७५ | २५०० | १००० |
| ४३ | हैर्स कटिङ प्रति कुर्ची १०० | २५०० | १००० |
| ४४ | ल फर्म | २५०० | १००० |
| ४५ | बोर्डिंग स्कुल मा.वि र प्रा.वि | ५००० | २५०० |
| ४६ | निर्माण व्यवसाय क,ख,ग,घ | ५००० | २५०० |
| ४७ | आयल पप्प | ५००० | २५०० |
| ४८ | कुरियर, फ्याक्स, कम्प्युटर र टेलीफोन | २००० | ५०० |
| ४९ | उद्योग (अन्य) | ५००० | २५०० |
| ५० | सर्पिंग सेन्टर | २५०० | १००० |
| ५१ | तरकारी पसल | २५०० | १००० |
| ५२ | चश्मा पसल | २५०० | १००० |
| ५३ | दाँत बनाउने पसल | २५०० | १००० |
| ५४ | मासु पसल | २५०० | १००० |
| ५५ | नर्सरी र फलफुल विरुवा विक्री वितरण | २५०० | १००० |
| ५६ | माटोको भाँडा बनाउने | २५०० | १००० |
| ५७ | टेक्नीकल इन्ष्टिच्युट | २५०० | १००० |
| ५८ | कन्सल्टेन्सी फर्म | २५०० | १००० |
| ५९ | ज्योतिस | २५०० | १००० |
| ६० | अडिटर फर्म (क,ख,ग,घ) | २५०० | १००० |
| ६१ | सिलाइ, बुनाई, पेंटिंग, कटिंग प्रशिक्षण | २५०० | १००० |
| ६२ | चिकित्सक विशेषज्ञ (स्व-सहायक, कविराज) | २५०० | १००० |
| ६३ | ल्याव | २५०० | १००० |
| ६४ | पुल्वोर्ड प्रतिवोर्ड | २५०० | १००० |
| ६५ | भिडियो गेम प्रति स्किम | २५०० | १००० |
| ६६ | घ वर्ग व्यवसायी दर्ता (निर्माण व्यवसाय) | ५००० | २५०० |
| ६७ | रेमिटेन्स सेवा | २५०० | १००० |
| ६८ | कटिंग ढुंगा | २५०० | १००० |
| ६९ | ब्लक उद्योग | २५०० | १००० |
| ७० | ट्राभल एण्ड टूर्स प्रा.लि | २५०० | १००० |
| ७१ | वैदेशिक रोजगार कम्पनी | २५०० | १००० |

| | | | |
|---|---|---|---|
| ७२ | मोवाईल टावर | २५०० | १००० |
| ७३ | इन्टरनेट सर्भिस प्रोभाईडर कम्पनी | २५०० | १००० |
| ७४ | कम्प्युटर इन्स्टिच्युट | २५०० | १००० |
| ७५ | कम्प्युटर मोवाईल मर्मत केन्द्र | २५०० | १००० |
| ७६ | सिरक डसना सिलाई उद्योग | २५०० | १००० |
| ७७ | नृत्य कला केन्द्र | २५०० | १००० |
| ७८ | एफ एम रेडियो स्टेसन | २५०० | १००० |
| ७९ | गाई, भैसी, बाख्रा फर्म, पालना व्यवसाय | २५०० | १००० |
| ८० | माछा पालन व्यवसाय | २५०० | १००० |
| ८१ | निर्माण व्यावसाय सुचिकृत | २५०० | १००० |
| ८२ | अन्य सबै संस्था दर्ता तथा नविकरण | ५००० | २५०० |

**अनुसूची ५.१**

**ऐनको दफा (६) संग**

**सम्बन्धित शे-फोक्सुण्डो गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने व्यवसायकर दर**

| क्र.सं. | पटके व्यवसाय कर | दर |
|---|---|---|
| १ | खुद्रा सामान गाडीबाट घुमायर बेच्नेलाई प्रति पटक | २० |
| २ | खाद्यान्न सामान गाडीबाट घुमायर बेच्नेलाई प्रति पटक | २० |
| ३ | आलु तरकारी सामान गाडीबाट घुमायर बेच्नेलाई प्रति पटक | १० |
| ४ | पोका/झोला सामान गाडीबाट घुमायर बेच्नेलाई प्रति पटक | १० |
| ५ | नदीमा र्याफ्टिग प्रति व्यक्ति प्रति पटक | २० |
| ६ | रांगा भैसी वंगुर प्रतिगोटा | १०० |
| ७ | खसी बोका प्रति गोटा | ५० |
| ८ | हाँस कुखुरा पन्छी प्रति गोटा | ५ |

**अनुसूची ६**

**ऐनको दफा (७) संग सम्बन्धित**

**शे-फोक्सुण्डो गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने जडिबुटी, कवाडी र जिवजन्तु कर दर**

| क्र.सं. | जडिबुटी, कवाडी र जिवजन्तु कर | दर |
|---|---|---|
| १ | ऊन प्रति ५ के.जी | ५० |
| २ | खोटो प्रति क्विनटल | ५०० |
| ३ | मृत जिवजन्तु हाड प्रति क्विन्टल | ५०० |
| ४ | मृत जिवजन्तुको सिङ प्रति क्विन्टल | ५०० |
| ५ | मृत जिवजन्तुको प्वाख प्रति १० के.जी | १०० |
| ६ | मृत जिवजन्तुको छाला वर्गफुट | १०० |
| ७ | हलुका कवाडी प्रति गाडी | ३००० |
| ८ | हेवी कवाडी प्रति गाडी | ५००० |
| ९ | यार्सागुम्बा लगायत स्वीकृत प्राप्त जडिबुटी संकलन प्रवेश शुल्क | स्थानिय : २०००<br>बाहिरको: ३००० |

अनुसूची ७

ऐनको दफा (८) संग सम्बन्धित

शे-फोक्सुण्डो गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सवारी साधन कर दर (प्रतिवर्ष)

| क्र.सं. | सवारी साधन कर | दर |
|---|---|---|
| १ | ट्रयाक्टर ठुलो ४० हर्स  पावर माथि | १००० |
| २ | ट्रयाक्टर सानो ४० हर्स पावर तल | ५०० |
| ३ | स्कुटर मोटर साईक्ल | १५० |
| ४ | लोडर डोजर एक्साभेटर | २५०० |

अनुसूची ७.१

ऐनको दफा (८) संग सम्बन्धित

शे-फोक्सुण्डो गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने पटके कर दर

| क्र.सं. | पटके सवारी कर | दर |
|---|---|---|
| १ | ट्रयाक्टर ठुलो ४० हर्स  पावर माथि | १५० |
| २ | ट्रयाक्टर सानो ४० हर्स पावर तल | १०० |
| ३ | एक्साभेटर | ५०० |
| ४ | व्यकहो लोडर | ५०० |

अनुसूची ८

ऐनको दफा (१०) संग सम्बन्धित

शे-फोक्सुण्डो गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने  पार्किङ शुल्क दर

| क्र.सं. | | पार्किङ शुल्क | दर |
|---|---|---|---|
| १ | पछि निर्धारण हुने | | पछि निर्धारण हुने |

अनुसूची ९

ऐनको दफा (११) संग सम्बन्धित

शे-फोक्सुण्डो गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने वहाल विटौरी कर

| क्र.सं. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | वहाल विटौरी कर | टहरो छाप्रोको मासिक | ५०० |
| | | घुम्ती मासिक | १०० |
| | | ठेला मासिक | ५० |

अनुसूची ९

ऐनको दफा (११) संग सम्बन्धित

शे-फोक्सुण्डो गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सिफारिस शुल्क (वडा कार्यालयहरूबाट संकलन हुने)

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| क | सिफारिस | |
| १ | घर जग्गा नामसारी | ५०० |
| २ | मोही लगत कट्टा १ रोपनी सम्म | १०० |
| ३ | मोही लगत कट्टा १ रोपनी भन्दा माथि | २०० |
| ४ | घर कायम पक्की | १००० |
| ५ | घर कायम कच्ची | ५०० |
| ६ | सर्जमिन मुचुल्का सिफारिस | ५०० |
| ७ | छात्रवृति | १५० |
| ८ | विपन्न, असहाय विद्यार्थी छात्रवृति | निः शुल्क |
| ९ | अपांगता भएको सिफारिस | निःशुल्क |
| १० | अस्थाई बसोबास सिफारिस | २०० |
| ११ | स्थाई बसोबास सिफारिस | २०० |
| १२ | अंगिकृत नागिरकता सिफारिस | १००० |
| १३ | वंशजको नागरिकता सिफारिस | २०० |
| १४ | जिवित रहेको सिफारिस | १०० |
| १५ | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्ममिति संसोधन | ५०० |
| १६ | व्यवसाय बन्द सिफारिस | १०० |
| १७ | व्यवसाय संचालन नभएको सिफारिस | १०० |
| १८ | व्यापार व्यवसाय नभएको सिफारिस | १०० |
| १९ | कोर्ट फ्री मिनाहा सिफारिस | निःशुल्क |
| २० | नाबालक परिचयपत्र सिफारिस | १०० |
| २१ | चौपाय सम्बन्धि सिफारिस | १०० |
| २२ | व्यवसाय दर्ता सिफारिस | ५०० |
| २३ | उद्योग ठाउंसारी सिफारिस | ५०० |
| २४ | विद्यालय ठाउंसारी सिफारिस | २०० |
| २५ | आन्तरीक बसाईसराई सिफारिस | १०० |
| २६ | विद्यालय संचालन स्विकृती कक्ष वृद्धि सिफारिस | ५०० |
| २७ | व्यक्तिगत विवरण सिफारिस/नविकरण सिफारिस | १०० |
| २८ | जग्गा दर्ता सिफारिस | १००० |
| २९ | संरक्षक सिफारिस व्यक्तिगत | २०० |
| ३० | संरक्षक सिफारिस संस्था | २०० |
| ३१ | नेपाल सरकारको नाममा बाटो कायाम सिफारिस | १०० |
| ३२ | कोठा खोल्ने कार्यको रोहवारमा बस्ने सिफारिस | १०० |
| ३३ | निःशुल्क स्वास्थ्य उपचार सिफारिस | निशुल्क |

| | | |
|---|---|---|
| ३४ | सःशुल्क स्वास्थ्य उपचार सिफारिस | १०० |
| ३५ | संस्था दर्ता सिफारिस | २००० |
| ३६ | जग्गा धनी पुर्जा हराएको सिफारिस | २०० |
| ३७ | जिवित संगको नाता प्रमाणित सिफारिस | २०० |
| ३८ | मृतक संगको नाता प्रमाणित सिफारिस | २०० |
| ३९ | आर्थिक अवस्था सम्पन्नताको सिफारिस | ५०० |
| ४० | आर्थिक अवस्था विपन्नताको सिफारिस | १०० |
| ४१ | जागा मुल्याङकन सिफारिस | प्रतिलाख ५०० |
| ४२ | चार किल्ला प्रमाणित | २०० |
| ४३ | जन्म प्रमाणित | २०० |
| ४४ | बाटो भएको घर बाटो प्रमाणित सिफारिस | २०० |
| ४५ | बाटो नभएको घर बाटो प्रमाणित सिफारिस | २०० |
| ४६ | विवाह प्रमाणित | २०० |
| ४७ | घर पाताल प्रमाणित | १०० |
| ४८ | कागज/मञ्जुरीनामा प्रमाणित | १०० |
| ४९ | हकवाला वा हकदार प्रमाणित | १०० |
| ५० | पक्की घर  सम्पन्न सिफारिस | १००० |
| ५१ | कच्ची घर सम्पन्न सिफारिस | ५०० |
| ५२ | अविवाहित प्रमाणित | ५०० |
| ५२ | अपुताली सिफारिस | ५०० |
| ५४ | अन्य सिफारिस वा प्रमाणित | २०० |
| ५५ | कच्ची घर नक्सापास दस्तुर | २५०० |
| ५६ | पक्की घर नक्सापास दस्तुर | ५००० |
| ५७ | नक्सापास निवेदन फाराम दस्तुर | ५० |
| ५८ | घर खाली गराउदा प्रतिदिन | ५०० |
| माथी उल्लेखित सिफारिस वा प्रमाणितको प्रतिलिपि आवश्यक परेमा पनि शुरु तोकिएको दस्तुर पुन : लाग्नेछ र उल्लेखित कागजात अंग्रेजी भाषामा आवश्यक परेमा रु ५०० लाग्नेछ । माथि उल्लेखित सिफारिस र प्रमाणित बाहेक कुनै निर्णय वा फैसला आदिको नक्कल आवश्यक परेमा प्रति पाना १० रुपैया दस्तुर लाग्नेछ । | | |
| **दस्तुर** | | |
| ५९ | जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र | निःशुल्क |
| ६० | जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता ३५ दिन पछि | ५० |
| ६१ | १ लाख सम्मको नयाँ व्यवसाय दर्ता | १००० |
| ६२ | १ लाख देखि ५ लाख सम्मको नयाँ व्यवसाय दर्ता | २००० |
| ६३ | ५ लाख देखि २० लाख सम्मको नयाँ व्यवसाय दर्ता | ३००० |
| ६४ | २० लाख देखि माथीको नयाँ व्यवसाय दर्ता | ५००० |
| ६५ | उजुरी दर्ता तथा मुद्धा दस्तुर | २०० |
| ६६ | १ लाख सम्मको नयाँ व्यवसाय नविकरण | ५०० |

| | | |
|---|---|---|
| ६७ | १ लाख देखि ५ लाख सम्मको नयाँ व्यवसाय नविकरण | १००० |
| ६८ | ५ लाख देखि २० लाख सम्मको व्यवसाय नविकरण | १५०० |
| ६९ | २० लाख देखि माथीको सम्मको व्यवसाय नविकरण | २५०० |

**अनुसूची ११**
**ऐनको दफा (१३) संग सम्बन्धित**
**शे-फोक्सुण्डो गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने पर्यटन शुल्क**

| क.सं. | पर्यटन शुल्क | दर |
|---|---|---|
| १ | छलफलबाट पछि निर्धारण हुने | |

**अनुसूची १२**
**ऐनको दफा (१३) संग सम्बन्धित**
**शे-फोक्सुण्डो गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने हाट बजार तथा मनोरञ्जन कर**

| क.सं. | हाट बजार तथा मनोरञ्जन कर | दर |
|---|---|---|
| १ | सिनेमाहल तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा | २% |
| २ | जादु सर्कस चटक आदिमा प्रतिदिन | ३०० |

**अनुसूची १२**
**ऐनको दफा (१३) संग सम्बन्धित**
**शे-फोक्सुण्डो गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने वहाल विटौरी कर**

| क.सं. | वहाल विटौरी कर | दर |
|---|---|---|
| १ | टहरो छाप्रोको मासिक | ५०० |
| २ | घुम्ती मासिक | १०० |
| ३ | ठेला मासिक | ५० |

**अनुसूची १३**
**ऐनको दफा (१४) संग सम्बन्धित**
**कार्यालयको खरिद (जिन्सी/निर्माण/परामर्श सेवा) कार्यमा सहभागी हुन चाहने आपूर्तिकर्ता/परामर्शदाता/निर्माणव्यवसायी/फर्म/एजेन्सी/कम्पनी/मिडियाहरूले मौजुदा सूचीमा सुचीकृत हुँदा असुल गर्ने सूची दर्ता शूल्क**

| क.सं. | सूची दर्ता शूल्क | दर |
|---|---|---|
| १ | निर्माण व्यवसायीहरू | ३५०० |
| २ | परामर्श दाताहरू | ३००० |
| ३ | कार्यालय सामग्री खरिद (स्टेशनरी/खाद्यन्न/मेशीनरी/अन्य) | २५०० |
| ४ | छपाइ/प्रकाशन तथा प्रशारण | २५०० |
| ५ | अन्य | २००० |

# शे-फोक्सुण्डो गाउँपालिकाको

# विनियोजन ऐन, २०८१

## संवत् २०८१ सालको ऐन नं. २

गाउँ सभाबाट स्वीकृत मितिः २०८१/०३/०४

शे फोक्सुण्डो गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

सालदाङ, डोल्पा

कर्णाली प्रदेश, नेपाल

**गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सेवा प्रवाह, विकास निर्माण र आयोजना/कार्यक्रमहरू सञ्चालनको लागि स्थानीय सञ्चित कोषबाट केहि रकम विनियोजन गर्ने र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,**

---

**प्रस्तावनाः**
शे-फोक्सुण्डो गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सेवा प्रवाह, विकास निर्माण र आयोजना/कार्यक्रमहरू सञ्चालनका लागि स्थानीय सञ्चित कोषबाट आवश्यक रकम विनियोजन गर्ने र खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को (२) बमोजिम शे-फोक्सुण्डो गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"शे-फोक्सुण्डो गाउँपालिकाको विनियोजन ऐन, २०८१"** रहेको छ ।

(२) यो ऐन संवत् २०८१ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८१/०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८१/०८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा प्रवाह, विकास निर्माण र आयोजना/कार्यक्रमहरू संचालन कार्यहरुका निमित्त अनुसूचि (१) मा उल्लेखित चालु तथा प्रशासनिक खर्च, पूँजिगत तथा विकास निर्माण तर्फको खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४०,४२,०७,०००।०० अक्षेरुपी चालिस करोड बयालिस लाख सात हजार मात्र मा नबढाइ निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम स्थानीय संचित कोषबाट खर्च गर्न सकिने स्रोतगत आधारमा प्राप्त अनुदान, आन्तरिक आय र अल्या कुल रकममध्ये गाउँ सभाले अनुसूची (२) बमोजिम कार्यक्रम/परियोजना अनुसार शीर्षकगत रुपमा विनियोजन गरी चालु तथा पूँजिगत तर्फ खर्च गर्ने छ।

**३. विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्ने अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त शे-फोक्सुण्डो गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाहरूले गर्ने सेवा प्रवाह र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसूकै कुरा लेखिएको भए तापनि गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाहरूले गर्ने सेवा प्रवाह र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै शीर्षकमा बचत हुने र कुनै शीर्षकमा अपुग हुने अवस्था आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट अपुग हुन गएको शिर्षकमा संघीय कानून तथा प्रदेश कानून बमोजिम रकमान्तर गर्न सक्नेछ । यसरी रकमान्तर गर्दा एक शिर्षकबाट सो शीर्षकको सम्भवतः २० प्रतिशतमा नबढ्ने गरी तर आवश्यकता अनुसार औचित्य पुष्ठी हुने गरी सो भन्दा बढी प्रतिशत समेत कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम रकमान्तर गर्न तथा निकासा र खर्च देखाउन सकिनेछ । पूँजिगत खर्च र वित्तिय

व्यवस्थातर्फ विनियोजित रकम साँवा भूक्तानी र ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु शिर्षकमा सार्न र वित्तिय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भूक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम रकमान्तर गर्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम रकमान्तर गर्नु परेमा गाउँ कार्यपालिकाबाट स्विकृत गराइ आगामी गाउँ सभाबाट अनुमोदन गराउनु पर्नेछ । गाउँ सभाले गाउँ कार्यपालिकाले रकमान्तर सम्बन्धी गरेको निर्णय अनुमोदन गर्नुपर्ने छ ।

(४) गाउँ कार्यपालिकाले गाउँ सभाबाट स्विकृत वार्षिक कार्यक्रम र बजेट कार्यान्वयनका सिलसिलामा आवश्यकताअनुसार आयोजना तथा कार्यक्रमहरूको यस ऐन तथा अन्य प्रचलित कानूनबमोजिम शीर्षकान्तर/संशोधन/परिमार्जन गर्न सक्ने छ।

**४. वित्तीय अनुशासन सम्बन्धी व्यवस्थाः** (१) गाउँपालिकाको आन्तरिक आय, संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुन आएको वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँड वापत् प्राप्त रकमको गाउँपालिकाको आवश्यकता र प्राथमिकताका आधारमा आवश्यक शीर्षकहरूमा विनियोजना गरी नियमित सेवा प्रवाह, प्रशासनिक खर्च, विकास निर्माणका कार्य र अन्य आयोजना तथा कार्यक्रमहरू संचालन गर्न सक्ने छ।

(२) संघीय र प्रदेश सरकारबाट प्राप्त सशर्त, विशेष र समपुरक अनुदान जुन प्रयोजनका लागि प्राप्त/हस्तान्तरित भएको हो सोही शीर्षक/प्रयोजनामा खर्च गर्नुपर्ने छ।

(३) गाउँपालिकाले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिम आय व्ययको वर्गीकरण, लेखांकन तथा प्रतिवेदन प्रणाली लागु गर्नुपर्ने छ।

(४) गाउँपालिकालाई प्राप्त सबै आयहरू आफ्नो संचित कोषमा दाखिल गर्नुपर्ने छ।

**५. निर्देशिका, कार्यविधि, मापदण्ड वा मार्गदर्शन बनाउन सक्नेः** (१) यस ऐनको कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधि, मापदण्ड वा मार्गदर्शन बनाउन सक्ने छ। सोही बमोजिम गाउँ कार्यपालिकाको कार्यालयले स्विकृत वार्षिक कार्यक्रम/आयोजनाहरूको संचालनमा विनियोजित रकम खर्च गर्न सक्ने छ।

**६. अख्तियारी तथा कार्यक्रम स्विकृतिसम्बन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम विनियोजित रकमको खर्च गर्ने अख्तियारी अधिकारप्राप्त अधिकारीलाई यस ऐनको प्रारम्भ भएपछि प्रचलित कानूनबमोजिम स्वतः प्राप्त हुने छ।अधिकारप्राप्त अधिकारीले आफूलाई प्राप्त बजेट अख्तियारीको प्रचलिन कानूनको अधीनमा रही कार्यान्वयन गर्नुपर्ने छ।

**७. प्रचलित कानून बमोजिम हुनेः** (१) गाउँपालिकालाई संघीय तथा प्रदेश सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रम, सशर्त अनुदान, विशेष तथा समपुरक अनुदान प्रचलित कानून, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बमोजिम नै हुनेछन्।

**अनुसूचि १**

**(दफा २ सँग सम्बन्धित)**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

**स्थानीय सञ्चित कोषबाट विनियोजन हुने रकम**

| | | | |
|---|---|---|---|
| **क्र.सं.** | **विनियोजन हुने बजेट शिर्षक** | **रकम** *(रु. हजारमा)* | **कैफियत** |
| १ | संघीय राजस्व बाँडफाडबाट विनियोजन हुने | ५९७०० | पाँच करोड सन्तानब्बे लाख मात्र |
| २ | संघिय समानिकरण अनुदानबाट विनियोजन हुने | ७०३०० | सात करोड तीन लाख मात्र |
| ४ | संघीय विशेष अनुदानवापत प्राप्त | १५००० | एक करोड पचास लाख मात्र |
| ५ | संघीय शसर्त अनुदानवापत प्राप्त | १७२६०९ | सत्र करोड छब्बिस लाख नौ हजार मात्र |
| ६ | प्रदेश राजस्व बाँडफाडबाट विनियोजन | १२२४ | बाह्र लाख चौबिस हजार मात्र |
| ७ | प्रदेश समानिकरण अनुदान बाट विनियोजन हुने | ४१९९ | एक्चालिस लाख उनान्सय हजार मात्र |
| ९ | प्रदेश विशेष अनुदानवापत प्राप्त | ५००० | पचास लाख मात्र |
| १० | प्रदेश शसर्त अनुदान वापत प्राप्त | ३३४३५ | तीन करोड चौतिस लाख पैतिस हजार मात्र |
| ११ | आन्तरिक आम्दानी | ४००० | चालिस लाख मात्र |
| १२ | अल्याबाट आएको रकम | ३८७४० | तीन करोड सतासी लाख चालिस हजार मात्र |
| **आ.व. २०८१/०८२ का लागि विनियोजन हुने जम्मा रकम** | | ४०४२०७ | **चालिस करोड बयालिस लाख सात हजार मात्र** |